कार्यपालिका बैठक संख्या -१३०

बैठक मिति -२०८०।०१।३०

अध्यक्षता- का.वा. नगर प्रमुख श्री दिवस पोखरेल

निर्णय नं १

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको मिति २०७७।०७।०३ को बैठकले स्वीकृत गरेको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ अनुसार श्रावन २०७९ मा स्वीकृत बुढी खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा आदि संकलन तथा उत्खनन् कार्य सञ्चालनका लागि गरीएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को प्रतिवेदन अनुसार उपमहानगरपालिकाको २० वटा वडाहरुमा विपद् तथा बाढीबाट सडकमा गम्भिर समस्या सिर्जना भएको र वर्षायाम आइरहेको सन्दर्भमा बाढीको कारणले हुनसक्ने सडकहरुमा थप क्षती न्यूनीकरण गर्न इटहरी उपमहानगरपालिका वडा नं. ३ खोसनिखाप हुँदै बग्ने बुढी खोलाबाट मिक्सगिट्टी उत्खनन गरी नगरपालिकाकाका सबै वडाहरुका बाटामा परेका खाल्टाहरु पुरी आवश्यक मर्मत कार्य भइरहेको अवस्थामा मिति २०८०।१।२९ गते नगरपालिकाले परिचालन गरेका को. १ ख ६५९९ को सवारी र सो सवारीका चालक भिम बहादुर बि.क., को. १ ख ६३३५ का सवारी चालक मिलन खड्का, प्र. नं. १-०२-००१ क ४०१३ को सवारी र सो सवारीका चालक श्याम कुमार मण्डल, को १ ख ७३७९ को सवारी र सो सवारीका चालक ओम बहादुर ठकुरी, को १ ख ७१३० को सवारी र सवारीका चालक दिनेश कुमार धामी सहित ५ वटा सवारी साधन र सवारी चालकहरुलाई नियन्त्रणमा लिई सवारी चालकहरुलाई दुर्व्यवहार गरी सवारी साधनमा राखिएका इटहरी उपमहानगरपालिका लेखिएको ब्यानर समेत फ्याकी मिक्सगिट्टी संकलन तथा ओसार पसार गरेको भनी सूचना प्रकाशित गरिएकोमा नगर कार्यपालकिाको गम्भिर ध्यानाकर्षण भएको छ । मिक्स गिट्टी उत्खनन कार्यमा नगरपालिकाले परिचालन गरेका उक्त ५ वटा सवारी साधनहरु र उक्त साधनका चालकहरुलाई डिभिजन वन कार्यालय, सुनसरीले मिति: २०८०।१।२९ गते नियन्त्रणमा लिइएकाले नियन्त्रित सबै सवारी साधन र चालकहरुलाई अविलम्ब बिना सर्त रिहाईका लागि डिभिजन वन कार्यालय, सुनसरीलाई जोडदार माग गर्ने, नगर क्षेत्रभित्रका भत्केका सडकहरु पुर्ने कार्यका लागि निरन्तरता दिन आवश्यक मिक्सगिट्टी उक्त ठाउँबाट उत्खनन गर्न आवश्यक भएकाले सम्बन्धित सबै संस्था र निकायलाई सहयोग, समन्वय र सहजीकरणका लागि अनुरोध गर्ने निर्णय गरियो । साथै उक्त व्यहोरा सहित नगरपालिकाले प्रेस विज्ञप्ति जारी गर्ने समेत निर्णय गरियो ।